# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शंकरपुर, कञ्चनपुर

पत्र संख्या:-०७९/८०
चलानी नं.-

सुदुरपश्चिम प्रदेश, नेपाल

(सूचना प्रकाशित मिति :२०७९।०९।०७)

उपरोक्त विषय सम्बन्धमा यस लालझाडी गाउँपालिका अन्तरगत कृषक दर्ता व्यवस्थापन कार्यक्रम अनुसार किसान सुचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ अन्तरगत खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ को दफा १४ को उपदफा १ कार्यान्वयनका लागि किसानको पहिचानका लागि किसान सुचिकृत सहजकर्ता आवश्यक भएकाले तपसिलका शर्तहरुको अधिनमा रहि योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा *Website: laljhadimun.gov.np* बाट प्राप्त गर्न सकिनेछ ।

| क्र.स. | विज्ञापन नं. | पद | माग संख्या | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०५-२०७९।८० | सहजकर्ता | १२ | लालझाडी गाउँपालिका १ देखि ६ न.वडा सम्म | |

**क) आवश्यक कागजातहरु :–**

१. निवेदन थान १
२.न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३.नेपाली नागरिकताको प्रतिलिपि
४.अनुभव भए अनुभव प्रमाणको प्रतिलिपि

**ख) सहजकर्ता छनौटको मापदण्डहरु**

१. JT/JTA वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको हुनुपर्ने ।
२.स्थानिय भाषको ज्ञान भएको र स्थानीय भाषाको सूचना सम्प्रेषण गर्न सक्ने ।
३.आफ्नै Smart मोबाइल फोन र यसको Application सम्बन्धी राम्रो दख्खल भएको हुनुपर्ने ।
४.समुदाय सँग घुलमिल हुन सक्ने र अन्तर सम्बन्धमालाई राम्रो सँग निभाउन सक्ने ।
५.मोबाईलमा आधारित तथ्याङ्क संकलनको अनुभव भएकोलाई विशेष ग्राह्यता दिईनेछ ।
६.स्थानीय वासिन्दा हुनुपर्ने ।
७.मौखिक अन्तरवार्ता (छोटो सुचीमा परेका उम्मेदवारलाई मात्र मौखिक अन्तरवार्तामा समावेश गरिनेछ ।)

**ग) सहजकर्ताले गर्नुपर्ने कार्यहरु :–**

१.मोबाइलमा आधारित सर्वेक्षणको तथ्याङ्क सोहि दिनको बेलुकि Upload गर्नुपर्ने ।
२.प्रत्येक दिन घरधुरीको सर्बेक्षणको विवरण नोट गर्ने र गाउँपालिकाले तोकेको सम्पर्क व्यक्तिलाई रिपोर्ट गर्ने ।

**घ) दरखास्त दिने स्थानः लालझाडी गाउँपालिकाको कार्यालय, शंकरपुर कञ्चनपुर**

**ङ) दरखास्त दस्तुर :( रु.२५०)**

नोट : दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा अर्को दिन कार्यालय समय भित्र आवेदन दिन सकिने छ ।

............................
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत